# मनसुन पूर्वतयारी र प्रतिकार्य योजना, २०७८

प्रदेश सरकार

गण्डकी प्रदेश

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

पोखरा

आषाढ २०७८

# मनसुन पूर्वतयारी र प्रतिकार्य योजना २०७८

**विषयसूची**

परिचय

१.१ प्रदेशको परिचयः

१.२ योजनाको पृष्ठभूमि (संक्षिप्त विपद्को स्थिति, योजनाको आवश्यकता, औचित्य)

२. मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजनाको उद्देश्य

३. कार्ययोजना निर्माण प्रक्रिया

४. सम्भावित जोखिमको विश्लेषण

४.१ पहिरो

४.२ बाढी

४.३ कोभिड १९

५. पूर्वतयारी र प्रतिकार्य सम्बन्धी मुख्य योजना

५.१ प्रभावमा आधारित मनसुन पूर्वसुचना प्रणाली

५.२ खुला स्थानको पहिचान, विकास र उपयोग

६. आपतकालिन सामाग्रीहरुको निकायगत क्षेत्रहरुमा उपलब्ध श्रोत साधनहरुको आंकलन

७. विषयगत मन्त्रालय र सरोकारवाला निकाय संग सम्बन्धित पुर्वतयारी र प्रतिकार्य जिम्मेवारीहरु

८. नेपाली सेना, सशस्त्र प्रहरी बल नेपाल र नेपाल रेडक्रस सोसाईटी

९. लक्षित जनसंख्या (विषयगत क्षेत्रहरू अनुसार)

**अनुसुचीहरु**

अनुसुची १: विषयगत क्षेत्र र क्षेत्रगत सहयोगी निकायहरुको विस्तृत पूर्वतयारी तथा प्रतिकार्य योजनाहरु

अनुसुची २: प्रदेश तथा जिल्ला स्तरीय सम्पर्क नम्बरहरु एवं क्लस्टर सदस्यहरु

अनुसुची ३: गण्डकी प्रदेशमा रहेका वर्षामापन केन्द्रहरु

अनुसुची:४: जिल्लागत खुला सुरक्षित स्थानहरुको विवरण

अनुसुची:५: नेपाली सेनासगं हाल सम्म मौज्दात रहेको प्रतिकार्य सामाग्रीहरुको सूची

अनुसुची:६: नेपाल प्रहरीसगं हाल सम्म मौज्दात रहेको प्रतिकार्य सामाग्रीहरुको सूची

अनुसुची:७: सशस्त्र प्रहरी बल नेपाल सगं हाल सम्म मौज्दात रहेको प्रतिकार्य सामाग्रीहरुको सूची

# परिचयः

## पृष्ठभुमिः

## १.१ प्रदेशको परिचय

## गण्डकी प्रदेश

नेपालको सात प्रदेशहरु मध्ये गण्डकी एक प्रदेश हो जो नेपालको मध्य भागमा अवस्थित छ । प्रदेशको कुल जनसंख्या २४०३७५७ रहेको छ र कुल क्षेत्रफल २१७७३ वर्ग किलोमिटर छ जुन नेपालको कुल भूभागको १४.६६ प्रतिशत रहेको छ । प्रदेशको कुल भूभागको ३६.८ प्रतिशत हिमालि क्षेत्र ६६.२ प्रतिशत पहाडी क्षेत्र र तराई क्षेत्रमा ६ प्रतिशत भूभाग पर्दछन् । यस प्रदेशमा १ महानगरपालिका, २६ नगरपालिका र ५८ गाँउपालिका गरी जम्मा ८५ वटा स्थानीय तहहरु रहेका छन् । त्यसै गरी प्रदेशमा जम्मा घरधुरी संख्या ५७८२१९ रहेका छन भने जनघनत्व सरदर ११४ प्रति वर्ग किलोमिटर रहेको देखिन्छ ( जनगणना-२०६८) । सामान्यतया  यस प्रदेशमा वर्षेनी तराई भूभागमा पर्ने नवलपुर र तनहुँ जिल्लामा बाढी डुवान र पहाडी भूभागमा पहिरोको तथा हिमाली भूभागमा हिमपहिरोबाट क्षति हुनका साथै सबै जिल्लाहरुमा आगलागीले बर्षेनी जनधनको क्षति भईरहेको छ । त्यसै गरी विगत बर्ष २०७६ देखि विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ को प्रकोपले यस प्रदेशमा पनि ठूलो जनधनको क्षति हुनुका साथै आर्थिक, सामाजिक क्षेत्रहरु तथा सार्वजनिक सेवा प्रवाह समेत प्रभावित भएका छन् । उपरोक्त उल्लेखित विपद्हरुको व्यवस्थापनका लागि गण्डकी प्रदेश सरकार, साझेदार निकाय, स्थानीय तहहरु तथा नागरिक समाजबाट विपद् पूर्वतयारी तथा प्रतिकार्यहरु भैरहेका छन् ।




गण्डकी प्रदेशमा गत वर्ष २०७७ को विपद् पोर्टलको तथ्याङ्क अनुसार प्रदेशमा बागलुङ, गोरखा, कास्की, मुस्ताङ, म्याग्दी र नवलपुर जिल्लामा गरी जम्मा २६ वटा बाढीका घटना भएको थियो। त्यसैगरी पहिरोको

तथ्याङ्कलाई हेर्दा बागलुङ, गोरखा, कास्की, लमजुङ, मनाङ, मुस्ताङ, म्याग्दी, नवलपुर, पर्वत, स्याङग्जा र तनहुँ जिल्लामा घटना घटेको देखिन्छ । गत वर्ष मात्र यस प्रदेशका ११ जिल्लामा १३८ वटा पहिरोको घटना भएको देखिन्छ छ । गत वर्ष ४७ वटा भारी वर्षाका घटनाले ९ वटा जिल्ला प्रभावित भएका थिए । विपद् पूर्वतयारी र प्रतिकार्यका लागी आवश्यक जनशक्ति, स्वास्थ पूर्वाधार संख्या, जिल्ला विपद् प्रतिकार्य योजना र जिल्ला विपद् कोषमा जम्मा रकम तथा विपद् समयमा परिचालन हुन सक्ने सामाग्रीको अद्यावधिक गरी राख्ने कार्य गरिएको छ । गण्डकी प्रदेशमा मनसुन पूर्वतयारी तथा प्रतिकार्य लगायतका विपद् व्यवस्थापन कोषमा हालसम्म ६,७२,९०,९३३ मौज्दात रकम रहेको छ ।

## १.२ योजनाको पृष्ठभूमि (संक्षिप्त विपद्को स्थिति, योजनाको आवश्यकता, औचित्य)

### संक्षिप्त विपद्को स्थिति

विगत वर्षहरुको तथ्याङ्कलाई हेर्दा गण्डकी प्रदेश विभिन्न विपद्जन्य घटनाहरुबाट प्रभावित भएको दखिन्छ । यस प्रदेशमा सामान्यतया वैशाख जेष्ठको महिनामा आगालागी, हावाहुरी, असार श्रावण भदौमा नदीकटान, डुवान, बाढी, महामारी, सर्पदंशको प्रकोप तथा असोज, पुष र माघमा हिमपात, फागुन र चैत्रमा हावाहुरी, खडेरी, असिना जस्ता विपद्का घटनाहरू हुने गर्दछन । अधिकांश घरहरू कमजोर भौतिक सामाग्री प्रयोग, उपयक्त निर्माण स्थलको छनौट र प्राविधिक परामर्श बिना निर्माण गरिएका कारण पहिरो, बाढी, आगलागी र हावाहुरीका कारण जोखिम अवस्थामा रहेका छन् । जलवायू परिवर्तनका कारण यस प्रदेशका जिल्लाहरु पनि प्रभावित हुने गरेका छन । यसैगरी शहरी क्षेत्रका भवनहरू भूकम्प प्रतिरोधी नभएका कारण भूकम्पीय जोखिममा पनि रहेका छन् । यस प्रदेशमा विगतका वर्षहरुमा हेर्ने हो भने आगलागी १७६, पहिरो १३८, भिषण वर्षा ४७, बाढी २६, चट्यागं २५, जंगली जनावर आक्रमण २३, वन डढेलो १५, भुकम्प ६, हावाहुरी ३ र डुगां दुर्घटना १ गरी जम्मा ४६० वटा विपद्का घटनाहरुको विवरण सकंलन गरिएको पाईन्छ ।




(*श्रोत: https://bipadportal.gov.np/*)

## २. मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजनाको उद्देश्य

यस कार्ययोजनाका उद्देश्य देहाय बमोजिम रहेका छन्

- मनसुनको कारण हुन सक्ने पहिरो, नदी कटान र डुबान लाई ध्यानमा राखी यसको असरबाट हुनसक्ने मानव तथा धनजनको क्षति कम गर्न प्रदेशले प्रभावकारी पूर्वतयारी गर्नु,
- पहिरो, नदी कटान र डुबान बाट प्रभावित समुदायलाई सुरक्षित स्थानमा स्थाान्तरण गरी आधारभूत सहयोग जस्तै गास, वास, कपास, स्वास्थ्य सेवा र शिक्षा व्यवस्था गराउनु,
- संकटासन्न समुह, गर्भवती महिला, वालवालिका, अपांग र जेष्ठ नागरिकलाई विशेष प्राथमिकता दिएर सहयोग गरी उनीहरुको संरक्षण गर्नु,
- विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि प्रदेश स्थित श्रोत साधनहरुको प्रभावकारी समन्वय तथा परिचालन गर्नु,

## ३. कार्ययोजना निर्माण प्रक्रिया

यस कार्ययोजना निर्माणका क्रममा अपनाईएका मुख्य प्रक्रियाहरु लाई देहाय बमोजिम प्रस्तुत गर्न सकिन्छः

- आ.ब. ०७७/७८ को प्रदेश स्तरीय मनसुन पूर्वतयारी र प्रतिकाय क्रियाकलापहरुको समिक्षा,
- नेपालको संविधान, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४, विपद् जोखिम न्यूनीकरण राष्टिय रणनितिक कार्ययोजना २०१८/२०२०, राष्टिय विपद् प्रतिकार्य योजना २०७५ लगायतका कानुनी तथा नितीगत प्रावधाहरुको अध्ययन विश्लेषण ।
- प्रदेश स्तरीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि मन्त्रालय तथा अन्य सरोकारवालाहरु सगंको छलफल र योजना तर्जुमा कार्यदल निर्माण,
- प्रदेश सरकारका सम्बद्ध विषयगत मन्त्रालयहरु, राष्टिय विपद् प्रतिकार्य कार्यढाँचा २०७५ बमोजिम तोकिएका विषयगत क्षेत्रगत निकायहरुका नेतृत्वदायी सरकारी निकायहरु र सहयोगी निकायहरु र मानवीय सहायताका क्षेत्रमा कार्यरत सघं संस्थाहरु सगंको छलफल र अन्तरक्रिया गरी ६ वटा विषयगत क्षेत्रहरु निर्धारण गरी योजना तर्जुमा गर्ने ।
- कार्यदलबाट प्राप्त कार्ययोजनालाई प्रदेश स्तरीय जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिमा पेश गर्ने ।

## ४. सम्भावित जोखिमको विश्लेषण

### ४.१ पहिरो

गण्डकी प्रदेशमा हुने गरेका मनसुनजन्य प्राकृतिक विपदका घटनाहरु मध्ये पहिरो मुख्य विपद् हो । यस प्रदेशमा पर्वतीय भुसतह, वन जंगलको विनाश भिरालो जमिन, अधिक वर्षा, विकासका क्रियाकलापहरु संचालनको क्रममा निर्माण गरिने अव्यबस्थित सडक, भवन तथा नाला निर्माणले समेत पहिरोको संभावनालाई सहजीरकण गरिरहेको छ । विशेषगरी मनाङ्ग, मुस्ताङ्ग, लमजुङ्ग, म्याग्दी, गोरखा, स्यांङजा लगायत जिल्लाहरुमा अघिल्लो वर्षहरुमा पहिरोको जोखिम अधिक रुपमा रेकर्ड गरिएको छ । गण्डकी प्रदेशमा पहिरोलाई विगत १० वर्षमा फर्केर हेर्दा देहाय बमोजिमको अवस्था देख्न सकिन्छ ।




(*श्रोत: https://bipadportal.gov.np/*)

गण्डकी प्रदेशमा रहेको ११ वटा जिल्लाहरुको विगत १० वर्ष (सन् जनवरि १, २०१० देखि मे ३० २०२१) सम्मको तथ्याकंलाई आधार मानेर हेर्दा बाग्लुङ्ग (६८) जिल्ला अधिक पहिरोको घटना दर्ता भएको जिल्लाको रुपमा लिन सकिन्छ । त्यसैगरी क्रमशः गोरखा (५१), कास्की (५१), लमजुङ्ग (४८), स्याङजा (३९), म्याग्दी (३६), पर्वत (२८), मुस्ताङ (१९), तनाहु १८, मनाङ (३) र नवलपरासी पूर्वमा १ गरी जम्मा ३६२ वटा पहिरोका घटनाहरु दर्ता भएको पाईन्छ ।




( *श्रोत: [http://drrportal.gov.np](http://drrportal.gov.np)*)

## ४. २ बाढी

गण्डकी प्रदेशको माथिल्लो क्षेत्रहरुमा रहेको खोलाहरुको जलाधार क्षेत्रमा परेको पानीहरु संकलित स्वरुप साथै नदिको माथिल्लो क्षेत्रमा गरिएको विकासका क्रियाकलापहरुको न्यून व्यवस्थापन तथा नदि किनारलाई प्राविधिक आकंलन नगरी निर्माण भएको वस्तिहरुमा बाढी तथा नदि कटानको समस्याहरु देख्न पाईनछ । विगतका वर्षहरुको बाढी प्रभावित जिल्लाहरुलाई निम्नअनुसार हेर्न सकिन्छ:




(श्रोत: https://bipadportal.gov.np/)

यस प्रदेश अर्न्तगत नारायणी नदीका शाखा नदीको रुपमा बग्ने नदीहरु क्रमशः मर्स्याङ्गदी, कालीगण्डकी, बुढीकण्डकी, सेती, आधीखोला, चेपे, र मादी खोलाहरु रहेका छन । तटबन्धको कमजोर व्यवस्थापन र नदी किनारामा बसोबास रहेको बस्तिहरु बाढीको अधिक जोखिममा रहेको छ । विगत १० वर्षको बाढीको अवस्थालाई निम्नअनुसार आवलोकन गर्न सकिन्छः




(श्रोत: https://bipadportal.gov.np/

## ४.३ कोभिड १९



गण्डकी प्रदेशमा हालसम्म कोभिड १९ का कुल संक्रमितको संख्या ५०३०४, निको भएका ४३६१९, सक्रिय ५८४७ र मुत्यु ८३८ जना देखिन्छन् । जिल्लागत रुपमा हेर्दा संक्रमितको संख्या, निको भएका, सक्रिय र मुत्यु संख्या सबैभन्दा धेरै कास्की जिल्लामा देखिन्छ भने सबैभन्दा कम मनाङ जिल्लामा देखिएको छ । कास्की लगायत नवलपुर, बाग्लुङ, गोरखा, स्याङजा, र तनहुँ जिल्लाहरु उच्च जोखिममा पर्दछन् ।




उपरोक्त नक्शा अनुसार यस प्रदेशमा बाढी र कोभिड १९ को दोहोरो जोखिमको चित्रण गरिएको छ । गण्डकी प्रदेशमा बढी जोखिमा भएका जिल्लाहरु नवलपुल, तनहुँ, लमजुङ, कास्की, मनाङ, म्याग्दी तथा बागलुङ जिल्लाहरु रहेका छन र बाँकी जिल्लाहरु मध्य जोखिममा रहेका छन् ।

## ५. पूर्वतयारी र प्रतिकार्य सम्बन्धी मुख्य योजना

## ५.१ प्रभावमा आधारित मनसुन पूर्वसुचना प्रणाली

यसै वर्षको मनसुनदेखि, विशेषगरी पहिरो जन्य विपद जोखिम न्यूनीकरणका लागि, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जल तथा मौसम विज्ञान विभागको सहकार्यमा प्रभावमा आधारित पूर्वसुचना प्रणालीको थालनी गरेको छ । यस प्रदेशमा ११२ स्थानहरुमा वर्षामापन केन्द्रहरुको स्थापना र सुचना सकंलन गर्ने व्यवस्था गरिएको छ (विस्तृत जानकारीको लागी अनुसुचीमा हेर्नुहोस) तर यस प्रणाली लाई खोला तथा नदिहरुको माथिल्लो जलाधार क्षेत्रहरुमा जडान गरी वर्षाको मापन र तल्लो तटीय क्षेत्रमा

पूर्व सुचना प्रणालीको भावि क्रियाकलापहरुमा शुरुवात गर्नु पर्ने देखिन्छ। प्रदेशको मुख्य गरेर नारायणी, मर्स्याग्दी, चेपे, कालीगण्डकी, सेती, आधिखोला र मादी खोलाहरुको माथिल्लो जलाधार क्षेत्रहरुमा वर्षामापन केन्द्र स्थापना गरी सो वर्षाको मापनका आधारमा तटीय क्षेत्र र आसपासको क्षेत्रमा वर्षाको आधारमा पूर्वसुचना प्रणालीको विकास र विस्तार गर्न सके नदी किनार तथा तटीय क्षेत्रमा आउने आकस्मिक बाढीबाट जनधनको नोक्सानी कम गर्न सकिन्छ।

## ५.२ खुला स्थानको पहिचान, विकास र उपयोग

विपद्बाट प्रभावित भई विस्थापित भएकाहरुलाई आवश्यकतानुसार आश्रयस्थलको रुपमा उपयोग गर्न तथा मानवीय सहायताका कार्यहरु सञ्चालन गर्न खुला स्थानहरुको पूर्व पहिचान गरिनु पर्दछ। खास गरी घनावस्ती भएका शहरी क्षेत्रमा यस्ता स्थानहरुको उपलब्धताले आपत्कालिन प्रतिकार्यमा सहयोग पुग्दछ। त्यसैले घनावस्ती तथा शहरी क्षेत्रमा उपलब्ध खुला स्थानहरु पहिचान गरी संरक्षण तथा पहुचयोग्य गराई सबैलाई जानकारी गराउनु पर्ने हुन्छ। मानवीय सहायतामा प्रयोग गरिने प्रदेश भरीका खुला क्षेत्रहरु पहिचान र उचित व्यवस्थापन गरी विपद् पूर्वतयारी सुदृढ गराउनु पर्ने चुनौती हाम्रो सामु छ। ( खुला स्थानको विवरण अनुसूची ४ मा हेर्नु होला )।

## ६. आपतकालीन सामग्रीहरुको क्षेत्रगत निकायहरुमा उपलब्ध श्रोत साधनहरुको आंकलन

आपतकालीन अवस्थामा उद्धार र राहतका लागि आवश्यक सामग्रीको उचित व्यवस्था र सोको भण्डारण हुन जरुरी हुन्छ। त्यसैगरी आपत्कालीन उद्धार र राहतका लागि जनशक्ति तथा आश्ययक सामाग्रीको पनि त्यत्तिकै आवश्यक्ता पर्दछ। यस वर्षको लागि विभिन्न निकायमा मौज्दात रहेका आवश्यक सामग्रीहरु, विपद् व्यवस्थापनको लागि सुरक्षा निकाय अन्तर्गतका विपद् घटनाहरुमा यथाशिघ्र परिचालनका लागि दक्ष जनशक्तिको विवरण, आपत्कालीन उद्धार र राहतका लागि आवश्यक सामग्रीहरुको विवरण अनुसूची खण्डमा संलग्न छ। आपत्कालीन कार्यको लागि पूर्वतयारी तथा प्रतिकार्यमा खर्च सुनिश्चित गर्नुको अलावा पुनर्निर्माण तथा पुनःस्थापनाको काम पनि स्थानीय तह र प्रदेश सरकार संगको लागत सहभागिता र सहकार्यमा हुने भएकोले सबै तहका सरकारहरुको वार्षिक बजेटमा आवश्यकता अनुसार रकम विनियोजन गरिनु जरुरी हुन्छ। यस बर्षको मनसून आपत्कालीन कार्यको लागि पूर्वतयारी तथा प्रतिकार्यका लागि यस प्रदेशको विपद व्यवस्थापन कोषमा ६,७२,९०,९३३ रकम मौज्दात रहेको छ।

| कलष्टर लिड | आर्थिक प्रावधान | कलष्टर कोलिड | आर्थिक प्रावधान |
|---|---|---|---|
| भौतिक पूर्वाधार सहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय | प्रत्येक जिल्लाका लागि जलस्रोत तथा सिचाइ डिभिजन कार्यालयमा रु २० लाख | आई.एफ. आर.सी., आई.ओ.एम., नेपाल रेडक्रस सोसाईटी। | *(आपत्कालिन अवस्थाको घोषणा पश्चात मात्र सक्रिय हुन सक्ने )* |
| स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | प्रति जिल्ला स्वास्थ्य कार्यालयमा २ लाख। | डब्लू.एच.ओ. | आपत्कालिन कोष ३,५०,०००/-अमेरिकन डलर। |

| | | | |
|---|---|---|---|
| | | युनिसेफ | नियमित कार्यक्रम १,००,०००/-अमेरिकन डलर ।<br>५,०००/-अमेरिकन डलर । (प्रदेश स्तरमा आपत्कालिन पोषण विषयगत क्षेत्र) |
| भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालयः | नियमित कार्यक्रममा रहेको । | डब्लू. एफ.पी. | |
| शिक्षा,संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय | नियमित कार्यक्रममा रहेको १२ लाख । | युनिसेफ तथा यु.एन.एफ.पी.ए | |
| उर्जा, जलश्रोत तथा खानेपानी मन्त्रालय | २० लाख । | युनिसेफ | २१ सय घरधुरिका लागि २२, ००,०००.०० |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र कानुन, संचार तथा प्रदेश सभा मामिला मन्त्रालय । | विपद् व्यवस्थापन कोष ५ करोड । | आई.एफ. आर.सी., यू.एन.डी.पी | |

*नोटः आपत्कालिन अवस्था घोषणाको आधारमा कलष्टर कोलिडहरुको आपत्कालिन कोष परिचालन गर्न सक्नेछन् ।*

**७. विषयगत मन्त्रालय र सरोकारवाला निकाय संग सम्बन्धित पुर्वतयारी र प्रतिकार्य जिम्मेवारीहरु**

(सहयोगी निकायहरुको विस्तृत पूर्वतयारी तथा प्रतिकार्य अनुसुचीमा प्रस्तुत गरिएको छ ) ।

**विषयगत क्षेत्रः** आश्रय स्थल /शिविर समन्वय तथा व्यवस्थापन ।

**नेतृत्वदायी निकायः** भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था मन्त्रालयः

**सहयोगी निकायः** आई.एफ. आर.सी., आई.ओ.एम., नेपाल रेडक्रस सोसाईटी ।

**क्लष्टर सदस्यहरुः** डब्लू ए ओ, युनिसेफ, नेपाल रेडक्रस सोसाईटी, सेभ द चिल्ड्रन, ह्बीटेड फर हुमानिटी, सि आर एस, हेलेन केलर ईन्टरनेश्नल, गोर्खा वेलफेष्र ट्रस्ट, ईन्टरनेश्नल नेपाल फेलोसिप,

| |
|---|
| पूर्वतयारीका मुख्य क्रियाकलापहरुः<br>**पूर्वतयारी :**<br>● जोखिमयुक्त स्थानको पहिचान र सचेत हुनका लागि सञ्चार गर्ने |

- विपद व्यवस्थापन कोषको व्यवस्था
- अन्तरनिकाय समन्वय
- आपतकालीन सामाग्रीको बन्दोबस्ती
- आश्रयस्थलको लागि सम्भाव्य स्थानको पहिचान र छनौट
- विपद् प्रतिकार्यका लागि अग्रस्थानमा बसेर क्रियाशिल संघ संस्थाहरुको स्वयंसेवकहरुलाई विपद् प्रतिकार्य, तथ्याकं व्यवस्थापनको क्षेत्रमा क्षमता विकासको क्रियाकलापहरु गर्ने ।
- खुला तथा सुरक्षित स्थानहरुको पहिचान गरी सबै क्षेत्रगत निकायहरु, राज्यका निकायहरु तथा सरोकारवालाहरुलाई जानकारी गराउने ।
- सामुदायिक श्रोत तथा आवास केन्द्रहरुको अवस्थाको लेखाजोखा गरी विपद्को अवस्थामा सदुयपोगका लागी स्थानिय निकाय तथा प्रादेशिक निकायहरु सगंको समन्वय र सहजीकरण गर्ने
- स्थानिय विपद् व्यवस्थापन समिति, जिल्ला विपद् व्यवस्थापन समिति र प्रदेश स्तरिय विपद् व्यवस्थापन परिषदसगंको सहकार्यका विपद् प्रतिकार्यमा सहयागी भुमिका निर्वाह गर्ने

**प्रतिकार्य:**

- विस्थापित सम्बन्धी Displacement Tracking Matrix (DTM) संचालन गर्ने । जस मार्फत तत्कालिन विपद्को कारणले विस्थापित भएका प्रभावितहरुको लेखाजोखा गरी तत्कालिन साथै दीर्घकालीन मानवीय आवश्यक्ताहरुको लेखाजोखा गर्ने ।
- WASH, Health clusters, Shelter Cluster तथा अन्य क्षेत्रगत निकायहरु सगंको सममवय र सहजीरकणमा विपद् प्रतिकार्यको समयमा कोभिड १९, डेंगु र अन्य पानीजन्य रोगहरुको संक्रमणलाई न्यूनीकरणका लागी क्रियाकलापहरु संचालन गर्ने ।
- आपत्कालिन आवास तथा शिविर व्यवस्थापनका लागि संभावित क्षेत्रहरुको लेखाजोखा गर्ने साथै सरोकारवालाहरुको आपत्कालिन शिविर व्यवस्थापनको निणर्य पश्चात प्रदेश सरकार तथा उपल्लो निकायमा जानकारी गराउदै आपत्कालिन आवास तथा शिविर व्यवस्थापनलाई अघि बढाउने ।
- आवास तथा शिविर व्यवस्थापनका क्रममा संरक्षण तथा यौनजन्य हिसां न्यूनीकरणका क्रियाकलापहरुको सुनिश्चितता गर्ने ।
- आतप्कालिन अवस्थाको आवास तथा शिविरहरुको दीर्घकालिन व्यवस्थापनलाई ध्यान दिदै शिविरहरुको सहज रुपमा व्यवस्थापन वा अन्य सुरक्षित स्थलहरुमा पुर्ननिमाणको क्रियाकलापहरुमा जोड्नका लागी सरोकारवाला निकायहरु सगं सहजीकरण गर्ने ।

बजेट विनियोजनः *आपत्कालिन अवस्थामा शिविर समन्वय तथा व्यवस्थापन राज्यले घोषणा गरे पश्चात क्षेत्रगत निकाय सक्रिय पश्चात मात्र आवश्यक्ताको आधारमा कोष निर्धारण र पिरिचालन गर्न सक्नेछन् ।*

**विषयगत क्षेत्रः स्वास्थ्य तथा पोषण**

**नेतृत्वदायी निकायः** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयः

**सहयोगी निकायः** डब्लू.एच. ओ. (स्वास्थ्य) र युनिसेफ (पोषण)

**क्लष्टर सदस्यहरुः**

**पूर्वतयारीका मुख्य क्रियाकलापहरु :**

- बाढिको उच्च जोखिममा रहेका क्षेत्रहरुको नक्साङ्कन गर्ने र ती क्षेत्रमा रहेका स्वास्थ्य संस्थाहरु विवरण तयार गर्नुका साथै सुचना व्यवस्थापनको लागि मन्त्रालय अन्तर्गत प्रदेश स्तरिय समिति गठन गर्ने ।
- मन्त्रालय अन्तर्गत रहेका स्वास्थ्य तथा पोषण विषयगत क्षेत्रको (क्लस्टर) नियमित बैठक गर्ने र पूर्वतयारी तथा प्रतिकार्यको लागि आवश्यक क्रियाकलापहरु, औषधि उपकरण, पोषण सामाग्रीहरु, जनशक्ति तथा जनचेतनामुलक क्रियाकलापहरुको लेखाजोखा गर्ने ।
- प्रदेश स्तरिय स्वास्थ्य क्षेत्र द्रुत प्रतिकार्य समुह (Province Rapid Response Team) गठन गर्ने वा सक्रिय गर्ने र प्रत्येक जिल्लामा जिल्ला स्तरिय द्रुत प्रतिकार्य समुह (District Rapid Response Team) गठन तथा सक्रिय बनाउने ।
- समयमै एम्बुलेन्स सेवा उपलब्ध गराउनको लागि हरेक जिल्लाका एम्बुलेन्स समितिलाई आवश्यक निर्देशन जारी गरि जी.पी.एस. प्रणालीबाट संचालन गर्न व्यवस्थापन गर्न र कोरोना महामारीलाई ध्यानमा राखी हरेक एम्बुलेन्समा आवश्यक सुरक्षाका उपायहरु उपलब्ध रहेको सुनिश्चित गर्ने ।
- बाढी पश्चात हुन सक्ने पानी जन्य रोगहरुको आँकलन गरि हरेक स्वास्थ्य संस्थामा आवश्यक औषधिको भण्डारण गर्ने, विस्थापित मानिसहरुलाई अस्थाई शिविरमा रहँदा आवश्यक पर्ने पानी शुद्धिकरणको लगि क्लोरिन, सौर्यविधि (सोडिस), उमालेको पानी व्यवस्था गर्ने तथा किटजन्य रोगको रोकथामको लागि झुलको व्यवस्था गरी आवश्यक मात्रामा भण्डारण गर्ने साथै एकिकृत रुपमा किटजन्य रोगहरुको व्यवस्थापन गर्ने।
- विपद व्यवस्थापन सम्बन्धि तालिम प्राप्त स्वास्थ्य कर्मिहरुको विवरण अध्यावधिक गर्ने र सो सम्बन्धि स्वास्थ्यकर्मिहरुका लागि तालिम वा पुनर्ताजगि तालिमको व्यवस्था मिलाउने । साथै स्वास्थ्य, सुरक्षा, व्यक्तिगत सरसफाई तथा कोरोना सम्बन्धी आम संचारबाट प्रशारण गरिने सन्देशहरु अध्यावधिक गर्ने ।

- बाढिको उच्च जोखिम भएका पालिकाहरुमा रहेका जोखिम समुह, जस्तैः गर्भवती र सुत्केरी महिला, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरु, बालबालिकाहरु आदिको विवरण सम्बन्धित पालिकाको सहकार्यमा तयार गर्ने र उक्त जोखिम समुहलाई सुरक्षित राख्न आवश्यक तयारी गर्ने ।
- विपद व्यवस्थापनका लागि आवश्यक बजेटको प्रबन्ध गर्ने ।
- क्लस्टरहरुको बैठक संचालन गरी साझेदार निकाय तथा संघसंस्थाहरुको सहकार्यमा स्वास्थ्य विवरण अध्यावधिक गर्ने, कोभिड महामारीलाई मध्यनजर गरी प्रभावितहरुको लागि सहयोग तथा राहत उपलब्ध गराउन एकद्वार प्रणाली अपनाई परिचलान गर्ने ।
- प्रदेश स्तरीय स्वास्थ्य क्षेत्र द्रुत प्रतिकार्य समुह (Province Rapid Response Team) र जिल्ला स्थित द्रुत प्रतिकार्य समुह (District Rapid Response Team) लाई समन्वयात्मक किसिमले परिचालन गरी प्रभावितहरुलाई आवश्यक स्वास्थ्य सेवा प्रदान गर्ने र आवश्कता अनुसार प्रेषणको व्यवस्था मिलाउने ।
- बाढी पश्चात हुन सक्ने पानी जन्य रोगहरु, किट जन्य रोगहरु तथा सर्प दंसको सम्भावनालाई मध्यनजर गरी जनचेतना मुलक क्रियाकलापहरु संचालन गर्ने साथै अस्थाई सिविरहरुमा कोरोना संक्रमण फैलिन सक्ने सम्भावना भएकोले जनस्वास्थ्यका मापदण्ड लागु गर्ने ।
- अस्पतालमा रहेका एकद्धार सकट व्यवस्थापन केन्द्र (OCMC) र सुरक्षित गृह (Safe house) लाई आवश्यक मानव संसाधन, औजार उपकारण तथा औषधिको व्यवस्था गर्ने । साथै यी केन्द्रहरुमा मनोसामाजिक विमर्श कर्ता नियुक्ति गरी संस्था र समुदाय स्तरमा परामर्श सेवा संचालन गर्ने वा साझेदार संस्थाहरुसंग समन्वय गरि कार्यान्वयन गर्ने ।
- सम्पुर्ण स्वास्थ्यकर्मिलाई आ—आफ्नो स्वास्थ्य संस्थामा हाजिर हुन निर्देशन जारी गर्ने र अत्यावश्यक अवस्थामा बाहेक विदा स्वीकृत नगर्न सम्बन्धित निकायलाई पत्राचार गर्ने
- आपतकालिन पोषण कार्यक्रमका विभिन्न क्रियाकलापहरु, जस्तैः पौष्टिक आहार (पोषिलो पीठो), सूक्ष्मपोषक तत्वहरु (भिटामिन ए, आईरन फोलिक एसिड, बहुसूक्ष्मपोषक तत्व) को वितरण तथा जनस्वास्थ्य कार्यक्रमका पोषण सम्बन्धि क्रियाकलापहरु (जस्तैः आवश्यकतानुसार बालबालिकालाई जुकाको औषधि वितरण) आदि मार्फत बालबालिका, गर्भवति, सुत्केरी महिलाहरुले सुक्ष्मपोषक तत्व पाएको सुनिश्चित गर्न स्थानीय तहमा सहयोग र समन्वय गर्ने ।

**प्रतिकार्यका मुख्य क्रियाकलापहरुः**

- प्रदेश स्तरिय स्वास्थ्य क्षेत्र दुरत प्रतिकार्य समुह (Province Rapid Response Team) सक्रिय गर्ने र प्रत्येक जिल्लामा जिल्ला स्तरिय द्रुत प्रतिकार्य समुह (District Rapid Response Team) सक्रिय बनाउने र प्रतिकारात्मक तथा उपरात्मक सेवा प्रदान गर्ने ।

| |
|---|
| • अस्पतालमा रहेका एकद्धार सकट व्यवस्थापन केन्द्र (OCMC) लाई आवश्यक मानव संसाधन, औजार उपकारण तथा औषधिको व्यवस्था गर्ने । साथै यी केन्द्रहरुमा मनोसामाजिक विमर्श कर्ता नियुक्ति गरी संस्था र समुदाय स्तरमा परमर्श सेवा संचालन गर्ने वा साझेदार संस्थाहरुसंग समन्वय गरि कार्यान्वयन गर्ने ।<br>• अस्थाई सिविरमा बस्दा महिला र किशोरीहरुलाई हुनसक्ने शारीरिक, मानसिक तथा यौनिक हिंसा रोक्न स्वयंसेवकहरु परिचालन गरी परामर्श सेवा, मर्यादा सामाग्रीहरु तथा व्यक्तिगत स्वच्छता सामाग्रीहरुको वितरण गर्ने<br>• बाढीको समयमा विस्थापित परिवारहरु अस्थाई शिविरमा बस्दा महिला र किशोरीहरुलाई हुनसक्ने शारीरिक, मानसिक तथा यौनिक हिंसा हुन नदिन सुरक्षित स्थानहरुको पहिचान गर्ने र साझेदार संस्थाहरु तथा अन्य निकायहरुसंग नियमित संवाद कायम राख्ने ।<br>• कोरोना महामारीको समयमा अस्थाई सिविरमा संक्रमण फैलिन रोक्न जनचेतना, माक्स, साबुन तथा स्यानिटाईजरको व्यवस्था मिलाउन स्थानिय निकाय संग समन्वय तथा सहकार्य गर्ने ।<br>• आम संचारका माध्यम लगायत अन्य माध्यमहरु बाट स्वास्थ्य, पोषण, सुरक्षा आदि बारे जनचेतनामुलक कार्यक्रमहरु संचालन गर्ने ।<br>• आपतकालिन पोषण कार्यक्रमको लागि पोषण सामाग्रीहरुको पर्याप्त आपूर्ति र मानव स्रोत लगायतका बिषयमा शिघ्र क्षमता अभिवृद्धि गर्नको लागि प्रदेश सरकारलाई आवश्यक सहयोग गर्ने ।<br>• स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवा मार्फत शिघ्र कुपोषणको उचित व्यवस्थापन र उपचार गर्ने ।<br>• कोभिड १९ र मनसुन प्रतिकार्यको समयमा पोषण सामाग्री ढुवानीमा सहयोग गर्ने । |
| **बजेट विनियोजनः**<br>• जिल्ला स्वास्थ्य कार्यालयमा वफर स्टकका लागि प्रति कार्यालय रूदुई लाखका दरले . व्यवस्था रहेको।<br>• प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन कार्यालयमा बफर स्टकका लागि औषधी मौज्जात राखिने गरेको।<br>• आपतकालिन खर्चका लागि कोषको व्यवस्था नभएको। |

**विषयगत क्षेत्रः खाद्य सुरक्षा**

**नेतृत्वदायी निकायः** भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालयः

**सहयोगी निकायः** डब्लू. एफ.पी. र एफ. ए. ओ.

**क्लष्टर सदस्यहरुः**

| |
|---|
| पूर्वतयारीका मुख्य क्रियाकलापहरुः<br>• मौसम परिवर्तन सम्बन्धी ३ दिन अगाडी र ३ दिन पछाडीको मौसम सम्वन्धी जानकारी दिने गरेको ।<br>• मौसम परिवर्तनलाई Adopt गर्न सुहाउदो क्रियाकलापको बारेमा जानकारी दिने गरिएको ।<br>• एग्रोफोरेष्टी सम्वन्धी क्रियाकलाप संचालन गरिएको ।<br>• प्रतिकार्यका मुख्य क्रियाकलापहरु ।<br>• कृषि विकास निर्देशनालय र पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय बाट आकस्मीक सेवा टेवा कार्यक्रम सञ्चालनमा रहेको ।<br>• जोखिम पश्चात पुनस्थापना गर्न कति लागत लाग्ने हो मापदण्ड अनुसार पैसा उपलब्ध गराउने ।<br>• बजारको अवस्था, बजार मुल्य, बजारमा खाद्यान्न उपलव्धता तथा आपुर्ती सम्बन्धी जानकारीको उपलब्धता ।<br>• सहयोगी निकायसंग सम्झौता तथा कार्यान्वयनको लागि आवस्यक तयारी ।<br>• नगद सेवा प्रदायक तथा खाद्यान्न सप्लायर्स संग सम्झौता तथा कार्यान्वयनको लागि आवस्यक तयारी ।<br>**प्रतिकार्यका मुख्य क्रियाकलापहरुः**<br>• **प्रथम चरणः** पहिलो १ महिनाः यदि बजार संचालनमा छ भने लक्षित समुदायलाइ निशर्त बहुउदेश्यीय नगद र यदि बजार तुरुन्तै संचालनमा आउने संभावना नभएमा १० दिनका लागि खाद्यान्न र २० दिनका लागि खाद्यान्नका लागि नगद (सामाजिक सहयोगको रुपमा बहुउदेश्य नगद) उपलब्ध गराइने । यसरी नगद सहयोग उपलब्ध गराउदा नेपाल सरकारको प्रकोप प्रभावितको उद्दार तथा राहत सहयोग निर्देशिका (सातौ संशोधन २०७७) लाइ आधार मानिने छ ।<br>• **दोस्रो चरणः** १ महिना पछिः खाद्य सुरक्षा, जीविकोपार्जन तथा कृषि पुनर्लाभ (recovery) का लागि सम्पती र तालिम का लागि नगद उपलब्ध गराइने ।<br>• कृषि विकास निर्देशनालय र पशुपक्षी तथा मत्स्य निर्देशनाय बाट आकस्मीक सेवा टेवा कार्यक्रम सञ्चालनमा रहेको।<br>• जोखिम पश्चात पुनर्स्थापनाका लागि लाग्ने लागत रकम मापदण्ड अनुसार उपलब्ध गराउने।<br>• कृषि बिमा भुक्तानी २५ प्रतिशत प्रदेश सरकारले (मन्त्रालय वा मातहतको निकायको प्राविधिकको सिफारिसमा) उपलब्ध गराउने व्यवस्था रहेको। |
| बजेट विनियोजनः बजेटको व्यवस्था नरहेको । |

**विषयगत क्षेत्रः शिक्षा तथा संरक्षण**

**नेतृत्वदायी निकायः** शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय

**सहयोगी निकायः** युनिसेफ तथा यु.एन.एफ.पी.ए.

**क्लष्टर सदस्यहरुः**

<table>
<tr><td>

**पूर्वतयारीका मुख्य क्रियाकलापहरुः**<br>
**प्रदेशस्तरीय शिक्षा क्षेत्र विपद् प्रतिकार्य योजना निर्माण गरिएको,**

- विपद पुनस्थापनका लागि तथ्याङ्क संकलन एवम् व्यवस्थापन,
- स्रोत व्यवस्थापन,
- शिक्षा विकास तथा समन्वय इकाइ, स्थानीय तहमा शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख एवम् कर्मचारी र शिक्षकका पेशागत संगठनका प्रादेशिक समितिको विवरण र सम्पर्क नम्बर अद्यावधिक गरिएको,
- शिक्षा क्षेत्रमा भएको क्षतिको विवरण सम्बन्धमा शिक्षा विकास तथा समन्वय इकाइ र स्थानीय तहमा शिक्षा शाखामा पत्राचार गरी क्षतिको विवरण माग गरिएको,
- विपद् व्यवस्थापन न्यूनीकरण सम्बन्धी स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री विकासका लागि स्थानीय तहको क्षमता विकास ।

**प्रतिकार्यका मुख्य क्रियाकलापहरुः**

- क्षतिको विवरण संकलन,
- तत्काल सिकाइ सुचारु गर्नका लागि समन्वय र सहयोग,
- वृहत विद्यालय सुरक्षा र जोखिम न्यूनिकरण सम्बन्धी सामग्री विकास, प्रकाशन र वितरण,
- १० वर्षे शिक्षा क्षेत्र योजनामा आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा विषय समावेश गरिएको ।

</td></tr>
<tr><td>

**बजेट विनियोजनः**

- आ.व.२०७७/७८ मा विपद् व्यवस्थापनका लागि शैक्षिक कार्यक्रम अन्तर्गत १० लाख मौज्दात रहेको,
- विपद व्यवस्थापनका लागि शैक्षिक कार्यक्रम कार्यान्वयन गर्न आ.व. २०७८/०७९ मा २ करोड बजेटको  निरन्तरता रहेको,
- प्रदेश सरकार समानिकरण बजेट तर्फ आ.व. २०७८/०७९ को कार्यक्रम तथा बजेटमा विपद व्यवस्थापनका लागि २ करोड प्रस्ताव गरिएको ।

</td></tr>
</table>

**विषयगत क्षेत्रः खानेपानी तथा सरसफाई**

**नेतृत्वदायी निकायः** उर्जा, जलश्रोत तथा खानेपानी मन्त्रालय

**सहयोगी निकायः** युनिसेफ

**क्लष्टर सदस्यहरुः**

| **पूर्वतयारीका मुख्य क्रियाकलापहरुः** |
|---|

- जिल्लास्थित जलस्रोत तथा सिचाइ डिभिजन कार्यालयहरुमा आपतकालीन बाढी पहिरो नियन्त्रणका लागि वार्षिक करिब ५०० थान तारजाली सञ्चित राखिएको ।

**प्रतिकार्यका मुख्य क्रियाकलापहरुः**

- पहिरो र नदी कटान भएको वा जोखिम बढेको स्थानमा स्थानीय तह/वडा को सिफारिस र जिल्ला विपद् व्यस्थापन समितिको समन्वयमा व्यक्ति वा संघ संस्थालाई कहि थान तारजाली वितरण गर्ने गरिएको ।

बजेट विनियोजन: प्रत्येक जिल्लाका कार्यालयहरुमा वार्षिक रुपमा २० लाख भन्दा बढी बजेट नियमित रुपमा विनियोजन हुने गरेको ।
२१ घरधुरिका लागि नेरुः २२, ००,०००

**विषयगत क्षेत्रः बन्दोबस्ती, पुर्नलाभ तथा आपत्कालिन संचार**

**नेतृत्वदायी निकायः** मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र **कानून**, संचार तथा प्रदेश सभा मामिला मन्त्रालय ।

**सहयोगी निकायः** आई.एफ. आर.सी.,

**क्लष्टर सदस्यहरु :** संयुक्त राष्ट्रसंघीय निकायहरु, अन्तरराष्ट्रिय गैह्र सरकारी संस्था, रेडक्रस, उद्योग बाणिज्य संघ, गैह्र सरकारी संस्था महासंघ

**पूर्वतयारीका मुख्य क्रियाकलापहरुः**
१ विभिन्न मन्त्रालय एंव निकायका विपद् फोकल पर्सनहरु सँग समन्वय गर्ने।

२. आपतकालिन प्रतिकार्य योजना विपद् बाट अति प्रभावित घरधुरीहरुको लागि जीविकोपार्जन तथा रोजगारीका अवसर सिर्जना गरि उनीहरुको अवस्थामा सुधार ल्याउन केन्द्रीत हुन्छ ।कार्यक्रम तत्कालिन आवस्यकता र क्षमतामा आधारित हुनेछन् । प्रकोप पूर्वतयारी तथा प्रतिकार्य योजना विपदको घटनाको प्रभाव निर्दिष्ट उदेश्य संभावित प्रतिकार्य योजनाका प्राथमिकता र क्लष्टर सदस्य निकायहरुको क्षमतामा आधारित हुनेछ ।

**प्रतिकार्यका मुख्य क्रियाकलापहरुः**
१. विपत प्रभावित व्यक्तिहरुको लागि उद्दार, राहत वितरण र पुनस्थापनाको लागि समन्वय गर्ने,

२. विपद् बाट अति प्रभावित घरधुरीको पहिचान गरी उनीहरुको जिवीकोपार्जन तथा आय बृद्धिका लागि कार्यक्रम/नगद प्रवाह कार्यक्रम संचालन गर्ने ।यसबाट तत्काल रोजगारी सिर्जना गर्न जीविकोपार्जन, सामुदायिक भौतिक संरचनाको पुनर्निमाण तथा लघु उद्यम स्थापनाका लागि अनुदान सहयोग उपलब्ध गराउने ।

| |
|---|
| ३. कृषि तथा गैह्र कृषि क्षेत्रका भौतिक संरचनाहरुको पुनर्स्थापना, पुनर्निर्माण कार्यमा नगद सहयोग कार्यक्रम मार्फत जीविकोपार्जन, उत्थानशीलता र रोजगारी सिर्जनाका कार्यक्रम संचालन गर्ने । |
| **बजेट विनियोजनः** पूर्व निर्धारित बजेट विनियोजन नभएको तर अवस्था र आवश्यकताका आधारमा श्रोत परिचालन गर्न सकिने छ । |

**८. नेपाली सेना, सशस्त्र प्रहरी बल नेपाल, नेपाल प्रहरी र नेपाल रेडक्रस सोसाईटीसगं भएको क्षमतालाई निम्न अनुसार प्रस्तुत गरिएको छ :**

**नेपाली सेना संग सम्बन्धित पूर्वतयारी र प्रतिकार्य सम्बन्धि मुख्य जिम्मेवारीहरु /क्रियाकलापहरु**

**सम्पर्क व्यक्तिको नामः** सह सेनानी पवन खड्का **सम्पर्क नम्बरः** 9852835634

**इमेल :** palakshikhadaka@gmail.com

**पूर्वतयारीका मुख्य क्रियाकलापहरु :**

- बाढी पहिरो तथा खोज उद्धार तालिम
- खोचमा परेकालाई खोज तथा उद्धार तालिम
- ताल तलैयामा डुबेकालाई उद्धार तालिम
- सम्भावित विपद् मा खटिदा आवश्यक पर्ने मेडिकल सामानहरु तयारी हालतमा राखिएको
- विपद्को दौरानमा खटिने मेडिकल जनशक्तिको लागि आवश्यक रिफ्रेसर गराएको।
- विभिन्न अस्पताल/जिल्ला जनस्वास्थ्य कार्यालयसंग विपद्को दौरान आवश्यक पर्न सक्ने मेडिकल उपकरण, औषधीजन्य सामाग्रीको लागि आवश्यक समन्वय ।
- विपद्को दौरान हाईजिन एण्ड सेनिटेशन, विभिन्न संक्रमण रोग र सो को रोकथाम तथा नियन्त्रण सम्बन्धी जनचेतना कार्यक्रम संचालन ।

**प्रतिकार्यका मुख्य क्रियाकलापहरु :**

- जोखिममा रहेका घर तथा बस्तिहरुको Evacuation र Management ।
- Collapsed Structure Search and Rescue, Deep water rescue जस्ता विशेष प्रकृतिका तथा जोखिमपूर्ण उद्धार कार्यका लागि विशेष विपद व्यवस्थापन तालिम प्राप्त जनशक्तिलाई परिचालन गर्ने ।
- आवश्यक परेको समयमा प्रदेश विपद् व्यवस्थापन टिमबाट टोली परिचालन गर्ने ।
- प्रदेश विपद् प्रकोप उद्धार समिति तथा जिल्ला विपद् प्रकोप उद्धार समितिहरुसंग निरन्तर सम्पर्क स्थापित गर्ने ।
- राहत वितरणको कार्यमा सहजीकरण गर्ने ।

- अस्थायी आश्रयस्थल तथा शिविरहरुको निर्माण र व्यवस्थापनमा सहयोग गर्ने ।

हाल मौजात रहेको प्रतिकार्य सामाग्रीहरुको सूची अनुचुचीमा हृर्नुहोस ।

**८.२ सशस्त्र प्रहरीसंग सम्बन्धित पुर्वतयारी तथा प्रतिकार्य सम्बन्धि मुख्य जिम्मेवारीहरु /क्रियाकलापहरु**

सम्पर्क व्यक्तिको नामः सूर्य प्रसाद तिमल्सिना सम्पर्क नम्बरः ९८५१२५८०७७

इमेल : srtmlsn3@gmail.com

**पूर्वतयारीका मुख्य क्रियाकलापहरु :**

- बाहिनी तथा मातहत ईकाइहरुमा विपद् व्यवस्थापन सेल गठन गरी सिनियर अधिकृतहरुलाई तोकि सुचना व्यवस्थापन तथा समन्वयको कार्यसञ्चालन गरी नं. २४ गण हे.क्वा. कालिका कास्कीमा विपद व्यवस्थापन तालिम प्राप्त १ (एक) प्लाटुन जनशक्ति आवश्यक उपकरणहरु सहित २४ सै घण्टा तयारी हालतमा राखि परिचालन गरिएको
- विपद् व्यवस्थापन तथा उद्धार कार्यको लागि प्रत्येक जिल्ला स्थित सशस्त्र प्रहरी बल नेपालका ईकाइहरुमा तुरुन्त परिचालनका लागि आवश्यक स्रोत सामाग्री लगायत जोखिमयुक्त स्थानहरुको म्याप मार्किङ्ग गरी तुरुन्त परिचालन हुन सक्ने गरी गणहरुमा १ (एक) प्लाटुन र गुल्महरुमा माईनस प्लाटुन विपद व्यवस्थापन तालिम प्राप्त जनशक्तिलाई स्ट्याण्ड वाई राख्ने गरिएको ।
- जिल्ला आपतकालिन कार्य संचालन केन्द्रहरुमा आवश्यकतानुसार संचार तालिम प्राप्त जनशक्तिहरु परिचालन गर्ने गरिएको।
- स्थानीय स्तरमा रहेका विद्यालय, क्लब, महिला समुह, वन उपभोक्ता समुह आदिमा विपद् जोखिम न्युनिकरण तथा पुर्व तयारी सम्बन्धि अनुशिक्षण/ तालिम संचालन गरिएको ।
- विपद व्यवस्थापनका लागि प्रत्येक गण स्तरमा १ प्लाटुन, गुल्मस्तरमा माईनस प्लाटुन तथा अन्य सबै मातहत ईकाइहरुमा कमतिमा १ सेक्सन स्ट्याण्डवाई टोली उपलब्ध सामाग्रीहरु सहित तयारी हालतमा राखीएको ।
- स.प्र.क.हरुलाई खोज तथा उद्धार कार्यमा सक्षम बनाउन तथा क्षमता अभिवृद्धि गर्न विपद व्यवस्थापन तालिम तथा अनुशिक्षण सञ्चालन गर्ने गरिएको ।
- युनिटहरुमा प्राप्त एमबुलेन्सलाई स्वास्थ्य सामाग्री सहित तयारी अवस्थामा राख्ने गरिएको।
- मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना २०७८ तयार गरी सोही अनुरुप परिचालन गरिएको ।

**प्रतिकार्यका मुख्य क्रियाकलापहरु :**

- जोखिममा रहेका घर तथा बस्तिहरुको Evacuation र Management ।
- Collapsed Structure Search and Rescue, Deep water rescue जस्ता विशेष प्रकृतिका तथा जोखिमपूर्ण उद्धार कार्यका लागि विशेष विपद व्यवस्थापन तालिम प्राप्त जनशक्तिलाई परिचालन गर्ने ।
- आवश्यक परेको समयमा प्रदेश विपद् व्यवस्थापन टिमबाट टोली परिचालन गर्ने ।

- प्रदेश विपद् प्रकोप उद्धार समिति तथा जिल्ला विपद् प्रकोप उद्धार समितिहरुसंग निरन्तर सम्पर्क स्थापित गर्ने ।
- राहत वितरणको कार्यमा सुरक्षा प्रदान गर्ने ।
- अस्थायी आश्रयस्थल तथा शिविरहरुको निर्माण र व्यवस्थापनमा सहयोग तथा सुरक्षा प्रदान गर्ने ।

हाल मौजात रहेको प्रतिकार्य सामाग्रीहरुको सुचि अनुसुचीमा हृर्नुहोस ।

### ८.३. नेपाल प्रहरी संग सम्बन्धित पुर्वतयारी तथा प्रतिकार्य सम्बन्धि मुख्य जिम्मेवारीहरु/क्रियाकलापहरु

सम्पर्क ब्यक्तिको नामः प्र.ना.प. दिपक बहादुर के.सी.        ईमेलः dbkc97@gmail.com

सम्पर्क नम्बरः ९८५६०६०२००

**पूर्व तयारीका मुख्य क्रियाकलापहरुः**

- विपद् व्यवस्थापनका लागि परिचालन हुने गरी गण्डकी प्रदेश विपद् व्यवसपन गुल्म बाग्लुङमा २ वटा टोली गठन गरिएको  र उक्त कार्यालयमा कार्यरत सबै प्रहरी कमाण्डलाई तयारी अवस्थामा राखिएको
- सि.प्र.अ.को कमाण्डमा ५० जना विपद् गुल्ममा ५० जना र जि.प्र.का. मा ५० जना, ई.प्र.का.मा १० रहने गरी जम्मा ७९२ जना परिचालनका लागि तयारी अवस्थामा राखिएको
- जमेको पानीमा उद्धारका लागि काम गर्न सक्ने ९५ जना प्र.क.हरुलाई तयारी अवस्थामा राखिएको
- पानीजन्य विपद् प्रतिकार्यका लागि १ थान मोटरबोट, १ थान हुईल लोडर र १ वटा स्काभेटर आवश्यकता अनुसार तयारी अवस्थामा राखिएको
- विपद्को अवस्था आएमा १८० वटा स्थानहरुमा ६९,९८५ जनालाई स्थान्तरण गर्न सकिने सुरक्षित स्थानको पहिचान गरिएको ।
- विपद् उद्धार सामाग्रीहरुको उचित भण्डारणका लागि ४६ वटा स्थानहरु पहिचान गरिएको अन्य हाल मौजात रहेको प्रतिकार्य सामाग्रीहरुको सूची यसै योजनाको अनुसूचीमा समावेश गरिएको छ ।

### ८.४. नेपाल रेडक्रस सोसाईटी संग सम्बन्धित पुर्वतयारी तथा प्रतिकार्य सम्बन्धि मुख्य जिम्मेवारीहरु /क्रियाकलापहरु

८.४.१ सम्पर्क ब्यक्तिको नाम :  सूर्य प्रसाद ढकाल

सम्पर्क नम्बरः ९८५६०५३९५०

**पूर्वतयारीका मुख्य क्रियाकलापहरुः**

- गैरखाद्य सामाग्री भण्डारण गरिएको।
- DDRT मा सहभागी हुने गरिएको।

- CARDT

**प्रतिकार्यका मुख्य क्रियाकलापहरुः**

- राहात सामाग्री वितरण गर्ने।
- उद्धारका लागि DDRT मार्फत कार्य गर्ने।
- प्राथमिक सेवा प्रदान गर्ने।
- रक्तसञ्चार सेवा प्रवाह गर्ने।

**आपतकालिन खर्चका लागि कोष**

- एक लाख निर्णय भएको

**हाल मौजातमा रहेको प्रतिकार्य सामाग्रीहरुको सूचीः**

गैती, बेल्चा, गल एक सेट रहेको।

१२०० परिवारको लागि गैरखाद्य सामाग्रीको सेट भण्डारण रहेको।

## ९. प्रभावित हुन सक्ने जनसंख्या (विषयगत क्षेत्रहरू अनुसार)

| क्र.स | क्लष्टरको नाम | आवश्यकता (In Need) | लक्षित जनसंख्या | यूनिट |
|---|---|---|---|---|
| १ | आश्रय स्थल /शिविर समन्वय तथा व्यवस्थापन | अस्थायी आवास तथा शिविर व्यवस्थापन । | ५१६० जना | १०३१ घरधुरी |
| २ | स्वास्थ्य तथा पोषण | स्वास्थ्य तथा पोषण | मानिसक स्वास्थ्य समस्या (१५%) =१४०७२, गर्भवति (2.5%)= २३४५, जेष्ठ नागरिक ( 8.5%)= ७९७४, नवजात शिशु (0.27% of total population, based on calculation using NDHS 2016 and Census 2011) =२५३, स्तनपान गराईरहेका महिलाहरु (2.8% of total population)= २६२७, प्रजनन उमेरका महिलाहरु (28% of total populations)= २६२६८, | जनसंख्या १८७६२ |

| | | | | |
|---|---|---|---|---|
| | | | पानि तथा किटजन्य रोग प्रभावित जनसंख्या (~ 40% of total population)= ३७५२६, अपाङ्ग ( २%)=१८७६ | |
| ३ | खाद्य सुरक्षा | | | जनसंख्या |
| ४ | शिक्षा तथा संरक्षण | | | जनसंख्या |
| ५ | खानेपानी तथा सरसफाई | | | जनसंख्या |
| ६ | बन्दोबस्ती, पुर्नलाभ तथा आपत्कालिन संचार | | | घरधुरी |

## अनुसूचीहरु

हेलीकप्टर सम्पर्क नम्बरः

| सि नं | कम्पनीको नाम | सम्पर्क व्यक्ती | सम्पर्क नं. |
|---|---|---|---|
| १ | प्रभु हेलीकप्टर | दिल बहादुर गुरुङ | ९८०११२०२४८ |
| २ | सिम्रीक हेलीकप्टर | राजेन्द्र शर्मा | ९८५१०१०६९६ |

# विषयगत क्षेत्रहरु

| विषयगत क्षेत्र | सरकारी निकाय | सहयोगी निकाय |
|---|---|---|
| आश्रय स्थल/ शिविर समन्वय तथा व्यवस्थापन | भौतिक पूर्वाधार, सहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय | IFRC<br>IOM<br>REDCROSS |
| स्वास्थ्य तथा पोषण | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | WHO<br>UNICEF |
| कृषि/खाद्य सुरक्षा (Food Security) | भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिवी निवारण मन्त्रालय | WFP/FAO |
| शिक्षा (Education) तथा संरक्षण (Protection) | शिक्षा, संस्कृती, विज्ञान प्रविधी तथा सामाजिक विकास मन्त्रालय | UNICEF<br>UNFPA |
| खानेपानी, सरसफाई तथा स्वास्थ्य प्रवर्धन | उर्जा जलश्रोत तथा खानेपानी मन्त्रालय | UNICEF |
| बन्दोबस्ती, पुनर्लाभ (Early Recovery) तथा आपतकालिन संचार | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/कानून,सन्चार तथा प्रदेशसभा मामिला मन्त्रालय | IFRC |